# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

# सिगास गाउँपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

**(सुदूरपश्चिम प्रदेश)**


पत्र संख्याः २०७८।७९

च.नं. ३५६

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

सिगास गाउँपालिका,

बैतडी ।

**कैफियत सहितको राय**

हामीले **सिगास गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रु.७ करोड ७३ लाख ४२ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४९ लाख ६५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५ करोड ५ लाख ११ हजार, नियमित गर्नुपर्ने रु.७४ लाख ८२ हजार र पेश्की बाँकी रु.१ करोड ४३ लाख ८४ हजार रहेको** छ । पालिकाको गत वर्षसम्म रु.१० करोड३४ लाख २५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१८ करोड ७ लाख ६७ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. ३. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## सिगास गाउँपालिका, बैतडी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | १६ | ७७३४२ | ० | ० | ० | ५२ | १६ | ७७३४२ | ४९६५ | ७४८२ | ५०५११ | ० | ० | ५७९९३ | १४३८४ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १०३४२५ | ० | ० | १०३४२५ | ० | ७७३४२ | १८०७६७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सिगास गाउँपालिका, बैतडी , सिगास गाउँपालिका , बैतडी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | कविन्द्र प्रसाद ओझा | २०७७-१०-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | टिका सिंह धामी | २०७७-४-१ | |
| लेखा प्रमुख | अशोक कुमार भट्ट | २०७७-१२-२६ | |
| | | **बेरुजु रकम** | ७७,३४२,३८० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५,००,००,००० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७,८७,१६,६२० | चालु खर्च | ३३,४५,६४,९५७.९६ |
| प्रदेश सरकारबाट अनुदान | २,४९,५२,००० | पूँजीगत खर्च | १९,१८,२७,१०३ |
| राजश्व बाँडफाँट | ७,४६,४४,२८९.८ | वित्तीय/अन्य व्यवस्था | १,१९,००० |
| आन्तरिक आय | ९,७७,७२७.१५ | | |
| अन्य आय | ६,५८,४२,९४३ | | |
| कुल आय | ५४,५१,३३,५७९.९५ | कुल खर्च | ५२,६५,११,०६०.९६ |
| बाँकी मौज्दात | | ७,१०,१४,४२२.९४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउपालिकाको उद्देश्य रहेको छ । यस गाउपालिका अन्तर्गत ९ वडा, ४५ सभा सदस्य, २४५.०४ वर्ग किलोमिटर क्षेत्रफल तथा २३८७२ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।६।१९ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**१. वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ५४६२५७६.५५ ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवारी फरक परेको** | |

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १०००६९३८२।७० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.५००००००००।० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५००६९३८२।० कम जिम्मेवारी सरेको छ। कम जिम्मेवारी सरेको रकम गतवर्षको फिर्ता गर्नुपर्ने रकमहरु ७७।७८ मा बैक खर्च लेखेको तर अल्या तथा खर्चमा नदेखाएकोले फरक परेको कार्यालयले जनाएको छ । रकम जिम्मेवारी सारी फिर्ता खर्च समेत अभिलेखाङ्कन हुनुपर्दछ ।

३

**बैक हिसाब मिलान नगरेको**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चितकोष | १००८३२ | ९८७२७१९.२४ | ९७७१८८७.२४ |
| २ | चालु खाता | १२८६८३६२.८४ | ७१९२०३२.०५ | -५६७६३३० |
| ३ | पुँजिगत खाता | ५४१११९२० | ४४५५३७८७ | -९५५८१३३.०० |
| ४ | प्रकोप व्यवस्थापन कोष | २९१९७२ | २९१९७२ | ०.० |
| | | ६७३७३०८७ | ६१९१०५१० | -५४६२५७६ |

४

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.१२८६८३६२.८४, पुजीगत खर्च खातामा रु. ५४१११९२० र प्रकोप व्यवस्थापन कोष रु.२९१९७२.० समेत मौज्दात रहेको पाईयो ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री द्रोपति चन्दले मिति २०७७।३।१० गते रु.५२ करोड ८१ लाख ४९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था | | |

अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७

**गत बर्षको दायित्व**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७७।७८ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो।बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

८

**चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | २७३८३९ | ४४१६४ | ७२०८१ | १५७५९४ | |
| २ | पूँजिगत खर्चतर्फ | १४६४९२ | ९४३० | ४७११ | १३२३५१ | |
| | जम्मा | ४२०३३१ | ५३५९४ | ७६७९२ | २८९९४५ | |
| | प्रतिशत | | १२.७५ | १८.२७ | ६८.९८ | |


https://nams.oag.gov.np

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४२ करोड ३ लाख ३१ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.५ करोड ३५ लाख ९४ हजार अर्थात १२.७५ प्रतिशत, दोश्रो चौमासिकमा रु.७ करोड ६७ लाख ९२ हजारर अर्थात १८.२७ प्रतिशत र तेश्रो चौमासिकमा रु.२८ करोड ९९ लाख ४५ हजार,, अर्थात ६८.९८ प्रतिशत खर्च गरेको देखिएकोछ। तेश्रो चौमासिक आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | २८०० | २७१३ | १.३३ |
| २ | पूर्वाधार विकास | १५९७०२ | ११७५९४ | ५७.७९ |
| ३ | सामाजिक विकास | ६२१९ | ५७१३ | २.८० |
| ४ | बातावरण तथा विकास | ० | ० | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ० | ० | |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८६४५२ | ७७४५१ | ३८.०६ |
| **जम्मा** | | **२५५१७३** | **२०३४७१** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ५७.७९ प्रतिशत र बातावरण तथा विकास र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा वजेट विनियोजन तथा खर्च भएको छैन ।

१०

**खर्च बिश्लेषण**

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ९ लाख ७७ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु ५४ करोड ४१ लाख ५५ हजार समेत रु ५९ करोड ५१ लाख ३३ हजार आम्दानी भएकोमा चालु तर्फ रु ३३ करोड ૭छ लाख ६४ हजार र पूँजिगत तर्फ रु १९ करोड १८ लाख २७ हजार समेत रु ५२ करोड ६३ लाख ९१ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०-१८ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु १ करोड ४३ लाख ६३ हजार खर्च भएको छ जुन आन्तरिक आयको १५०० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३-५५ प्रतिशत चालु र ३६-४५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ११ | | | **लक्ष्य प्रगति**<br>कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १२८३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १२ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ४० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ५३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न विभिन्न पदमा १५ जना कर्मचारीहरु करारमा राखि रु.४९ लाख ३८ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १५ जना करार नियुक्ति गरी बर्षभरीमा रु.४९ लाख ३८ भुक्तानी गरेको नियमित देखिदैन । | |

१४

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१५

**वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ८ दरबन्दी भएकोमा सबै पद रिक्त भएको देखियो ।

१६

**सेवाप्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १ वटा ऐन, २ वटा नियमावली र १० बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१७

**योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५ला ख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ४ | ५ | १३ | १९ | ५६ | १०७ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु ८० हजार देखि ८० लाख सम्मका जम्मा १०७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका ४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १ वटा ऐन, २ वटा नियमावली, १० कार्यविधि लगायत १३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १९ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष कुल १५ विवाद दर्ता भएकोमा १३ वटा फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २० | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २१ | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २२ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१५२४३५००।० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ९ जना | कार्यपालिका सदस्य जना | सभाका सदस्य जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २५००० | २१००० | १५६००० | १३३००० | ३८००० | |
| २ | यातायात खर्च | १२०००० | १०८००० | ७२००० | ४३५०० | ९५०० | |
| ३ | टेलिफोन,मोबाइल | १२०००० | १००००० | ५६०००० | ३६०००० | १०८०००० | |
| ४ | पुस्तक,पत्रीका, | १००००० | ९०००० | ६४०००० | ३६०००० | १०८०००० | |
| ५ | समन्वय सहजीकरण | १८०००० | १४०००० | ९६०००० | ६००००० | १६२००० | |
| ६ | अतिथि सत्कार | २००००० | १८०००० | ११२००० | ० | ० | |
| ७ | खानेपानी/बिजुली/ | ७०००० | ६०००० | ३२०००० | २४०००० | ५४०००० | |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | १२८००० | ५४००० | १८९००० | |
| | जम्मा | ८४०००० | ७२१५०० | ३९५६००० | १७९०५०० | ४५५६५०० | १५२४३५००। |

२३

**खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२३ लाख २८ हजार खर्च गरेको छ ।

२४

**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु.

४७,३२२,८२२

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २६४९१६६२०. | २५०१७७२७८.०१ | १४७३९३४१.९९ |
| | विषेश | २३७००००००.० | २९३२८४०.० | २०७६७१६०.० |
| **प्रदेश सरकार** | शसर्त | २५०७०००.० | २३२६३९७.० | १८०६०३.० |
| | विषेश | ५५०००००.० | ३८२२२८३.० | १६७७७१७.० |
| | समपुरक | ९९९८०००.० | ० | ९९५८०००.० |
| | **जम्मा** | **३०६६२१६२०.०** | **२५९२५८७९८.०** | **४७३२२८२२.०** |

२५ **बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१९ करोड १८ लाख २७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२६ **खरीद कार्यवाहिको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ वमोजिम सार्वजनिक निकायले हरेक खरीद कार्यवाहीको अभिलेख छुट्टै फाईल खडा गरी राख्नुपर्ने व्यवस्था रहेको छ ।उक्त फाईलमा खरीद कार्यको प्रारम्भिक चरण देखि अन्त सम्मका सम्पुर्ण कार्यवाहीका काजात तथा अभिलेख व्यवस्थित गरी राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस आर्थिक वर्षमा गरेका खरीद ठेक्काका फाईलहरुमा खरीद कार्यवाहिका कागजात व्यवस्थित गरी राखेको पाईएन साथै खरीद सम्झौता वाहेकका खरीदका सुचना, मुल्याङ्कन प्रतिवेदन, आसयको सुचना, प्रतिस्पर्धि को वीड डकुमेन्ट लगाएतका कागजातहरु पेश हुन सकेनन । साथै भएका कागजात समेत व्यवस्थित राखेको पाईएन । खरीद कार्यवाहीको अभिलेख छुट्टै फाईल खडा गरी राख्नुपर्ने देखिन्छ ।

२७ **सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले सवारी साधन वोलेरो जिप खरिदमा रु.२७ लाख ५० हजार समानिकरण खर्च गरेका छन् । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन पालना हुनुपर्दछ ।

२८

**आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित एङ्क मुष्ठ रु.१० लाख ३४ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु ९ला ७७ हजार अर्थात अनुमान भन्दा ५.५१ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२९

**आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५२६३९१ | ९७७ | ०.८१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३०

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित तथा यस वर्ष आय अनुमानमा आन्तरीक आयको विभिन्न श्रोतहरुको अनुमानै नगरेकोले एक मुष्ठ आन्तरीक आय अनुमान गरेकोले असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| ३२ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सवै वडा तथा पालिकावाट काटिएका रसिदहरु को रसिद नियन्त्रण खाता नराखेको सोको आम्दानीको दैनीक अभिलेखाङ्कन गरी बैक दाखिला गरेको अभिलेख नराखेका कारण काटिएका सवै रसिदहरु पालिको राजश्व आम्दानी भएको सम्वन्धमा एकिन गर्ने अवस्था छैन । साथै वडा तथा पालिकाको राजश्व बैक दाखिला भएको आधारमा आम्दानी वाँध्ने गरेको कारण आम्दानी देखाएको रकम रु.९७७७२७.१५ प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि दाखिला भएको सम्वन्धमा एकिन गर्न सकिएन। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको रकम एकिन गर्नुपर्ने रु. | ९७७,७२७.१५ |
| ३३ | | | **मूल्य अभिवृद्धि कर कट्टी**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १८२,७८८ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|
| १४।७७।१२।२८ | एल डि ट्रेड | ९५२२९० | १०९५५५ | ५४७७८ |
| ४२।७७।१०।२३ | सुरुचि सर्जिकल | ४९९४०६ | ५७४५४ | २८७२७ |
| ४१।७७।१०।२२ | कान्तिपुर ट्रेड हाउस | ४९५५०५ | ५७००५ | २८५०३ |
| ५९।७७।१०।२८ | एस कम्प्युटर | २४९९८४ | २८७५९ | १४३८० |
| ९७।७८।१।९ | डाँफे ट्रेड सप्लायर्स | ४९०५२२ | ५६४३२ | २८२१६ |
| १०२।७८।१।२४ | उई केयर सर्जिकल | ४९०००० | ५६३७२ | २८१८६ |
| | **जम्मा** | | | १८२७८८ |

३४

**प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

३५

**लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **जटिलसंरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४४।७८।३।२७ | दुवीलाखान गाजरी | ग्रामीण विद्युतीकरण | २११६९०१ |
| १४०।७८।३।२५ | विभिन्न विद्धुतिकरण | ग्रामीण विद्युतीकरण | ४९९९१९२ |
| १३६।७८।३।३ | वडा न १ विद्धुतिकरण | ग्रामीण विद्युतीकरण | २९७०००० |
| १५९।७८।३।२९ | विभिन्न विद्धुतिकरण | ग्रामीण विद्युतीकरण | ३७७२४३१ |
| १४८।७८।३।२७ | वडा न ३ विद्धुतिकरण | ग्रामीण विद्युतीकरण | २९९३९९९ |
| १४७।७८।३।२७ | वडा न ३ विद्धुतिकरण | ग्रामीण विद्युतीकरण | २९३८०७१ |
| १४६।७८।३।१७ | वडा न १ विद्धुतिकरण | ग्रामीण विद्युतीकरण | १४५८५०७ |
| | **जम्मा** | | २१२४९१०१ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **जनश्रमदान**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | १६३,६३९ |

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| ६७।७७।१२।२६ | श्री भावर दोगडा सडक | ५९४१५५९। | ५८९९६९९। | ११३३३३१। | १६३६३९।० |
| | **जम्मा** | | | | |

३८ **कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको** ४,४८६,७९८

नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार पाठ्य पुस्तक तर्फ रु. ३१२३८४८।०, बुक कर्नर तर्फ रु. १३६२९५०।०, लगायतमा रु. ४४८६७९८।० बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकाासा भएको रकम सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु.

| गो.भौ./मिति | विद्यालयको नाम | कार्यक्रम | बढी भुक्तानी रकम |
|---|---|---|---|
| १७८।२०७८।२।२६ | विभिन्न विद्यालयहरु | पाठ्य पुस्तक तर्फ | ३१२३८४८।० |
| १६१।७८।२।२३ | | बुक कर्नर वाल विकास तथा निरन्तर मुल्याकन | १३६२९५०।० |
| ३२५।७८।३।२४ | | | |
| **जम्मा** | | | ४४८६७९८।० |

३९ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.१५ लाख ८५ हजार का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु न्नािनुसार छनः

३९.१ खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नदेखिएको, | | |
| ३९.२ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | | |
| ३९.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | | |
| ३९.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | | |
| ३९.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | |
| ४० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४२० जनालाई रोजगारी उपलव्ध गराई रु.२ करोड १७ लाख ४१ हजार खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई | | |

| | | | | |
|---|---|---|---|---|
| | | | श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४१ | | | **विद्यालय भवन निर्माण**<br>पालिका अन्तर्गत श्री श्री अर्जुन मा वि सिगासको भवन निर्माणका लागि लागत अनुमान रु १९१००७९६।० स्वीकृत गरी वोलपत्र हुँदा अनमोल निर्माण सेवा को रु ११९१९५८१।८६ स्वीकृत गरी २०७७।१०।५ मा २०७८।१।४ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्षको अन्त सम्म रु २४ लाख ३ हजार पेश्की भुक्तानी भएको छ । कार्य सम्पन्न गरी सक्नु पर्ने अवधि समाप्त भए पनि कार्य सम्पन्न भएको छैन । निर्माण कार्यको म्याद थप नभएको तथा समयमा कार्य सम्पन्न नभएकोमा ससोधित कार्यतालिका पेश भएको देखिएन । सम्झौता वमोजिमको काम सम्पन्न हुनुपर्दछ ।<br>:<br>बढी पेश्की– सार्वजनिक खरीद नियमावली २०६४ तथा खरीद सम्झौतामा सम्झौता रकमको वीस प्रतिशत पेश्की दिन सकिने व्यवस्था रहेकोमा मु अ कर र पि एस आईटमको रकम वाहेको रकम रु १०४४१३०२।० को २० प्रतिशतले हुन आउने रु २०८८२६०। पेश्की दिनुपर्नेमा रु २४०३०००।० दिएकोले रु ३१४७४०।० वढी पेश्की दिएको रकम असुल हुनुपर्ने रु | ३१४,७४० |
| ४२ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । साथै प्रतिस्पर्धालाइ प्रभावित पार्ने गरी एउटै कामको लागत अनुमानलाई टुक्रा पार्न नहुनेमा यस वर्ष कार्यालय भवनका विभिन्न कामलाई निम्नानार टुक्रा पारि खरीद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु. ३८०५५४८।० को सोझै खरिद गरेको देखियो । एउटै कार्य टुक्रा पारेर खरीद गरेकोले अनियमित देखिएको रु | ३,८०५,५४८ |

| भौ.नं/मिति | कामको विरण | आपुर्तिकर्ता वा निर्माण व्यवसायि | भुक्तानी रकम |
|---|---|---|---|
| ४०।७७।१०।२४ | कार्यालयको रेलिङ्ग निर्माण | ए वि स्टील मेटल | ४९२०८७।० |
| ४१।७७।१०।२५ | कार्यालयको भवन पार्टेसन | माण्डव्य कन्ट्रक्सन | ३२३६८०।० |
| ४२।७७।१०।२९ | कार्यालयको भवन जस्तापाता | युनिभर्सल कन्ट्रक्सन | ४९८३८६।० |
| ७३।७७।१२।२७ | कार्यालय भवन वेयरिङ् | ए वि निर्माण सेवा | ४९७५९६।० |
| ७५।७८।१।१ | कार्यालयको भवनको सोलार | अड ट्रेड लिक | ४९७२००।० |
| ७९।७८।१।२५ | कार्यालयको भवनको पलम्वीङ् | | ४९९७४७।० |
| ८०।७८।१।१५ | कार्यालयको रग रोगन कार्य | सगम निर्माण सेवा | ४९८२२२।० |
| ८१।७८।१।१५ | कार्यालयको रग रोगन कार्य | शुभलक्ष्मी वील्डर्स | ४९८६३०।० |
| | | जम्मा | ३८०५५४८ |

४३

**कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु १६ लाख ३४ हजार खर्च गरेको छ । यसरी खर्च गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

४४

**कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि

कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

४५

**सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

४६

**डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| भौचर नम्वर | कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| १११।७८।३।१० | डि पि आर तयार गर्ने | ईन्फ्रास्ट्रक्चर ईन्जीनियरिङ् | ४९१५५०।० |
| ६२।२०७७।१२।८ | मन्दिर डिजाईन | गुड वन ईन्जीनियरिङ् | ४९४२६२।० |
| १०४।७८।३।४ | डि पि आर तयार गर्ने | क्वयस्ट ईन्जीनियरिङ् | ४१६९७०।० |
| १७१।७८।३।३१ | डि पि आर तयार गर्ने | ईमोर्टल ग्रुप अफ ईन्जीनियरिङ् | ४९८८९५।० |

४७

**सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना

प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले जि आई एस विद्धुतिय नक्सा सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु..४ लाख ९५ हजार खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

४८ **योजना परिर्वतन**

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार नगरसभाबाट पारित भएका योजना मध्ये ३६ वटा योजना परिर्वतन गरी ३९ गोटा योजनामा रु ३ करोड ५ लाख ५० हजार खर्च गर्ने गरी सञ्चालन गरेको देखियो । योजना परिर्वतन गर्नुपर्नाको कारण उल्लेख छैन । यस्तो परम्परा नियन्त्रण हुनुपर्दछ ।

४९ **ठूला खोला मसानी गाढ सडक** ३,६७६,५१८

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ वमोजिम स्वीकृत लागत अनुमान वमोजिमको काम सम्पन्न गरेपछि प्राविधिक नापजाँचको आधारमा भुक्तानी दिनु पर्दछ । ठूला खोला मसानी गाढ सडक निर्माणका लागि दुई पटक खरीद सम्झौता गरी रु ९२ लाख ६ हजार ३४४ भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ।
:

सडक निर्माण कार्यमा गाउँपालिकाको एक्साभेटर प्रयोग भएको कुल नापी भएको कामको मुलयाङ्कन वमोजिमको रकममा एक्साभेटरको दर कट्टा गरी वाँकी रकम भुक्तानी भएको छ । स्वीकृत लागत अनुमान अनुसार सडक निर्माण कार्य एक्साभेटर प्रयोगवाट हुने र एक्साभेटरमा लाग्ने ईन्धन मात्र उपभोक्ताले व्यहोर्ने व्यवस्था वमोजिम स्वीकृत नम्स तथा दर विश्लेषण वमोजिम सम्पन्न भएको कुल काममा निम्नानुसारको रु.१३५३८२८।० को ईन्धन लाग्ने देखिन्छ।सो वाहेक पुरै सडक खन्ने कार्यको गाउँपालिकाको एक्साभेटरको भाडा रु ४१७६०००। समेत कुल रकम रु. ५५२९८२८।० लाग्नेमा रु. ९६६६२१६।० भुक्तानी भएकोले वास्तविक लागत भन्दा वढी हुने गरी भुक्तानी भएको रु.

| भौचर न | विल | डोजर भाडा | ईन्धन खर्च | कुल वास्तविक लागत | भुक्तानी | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ५१।७७।१०।२७ | पहिलो | २१७६०००।० | ७३३९७७।० | २९०९९७७।० | ४९४५०७८।० | २०३५१०१।० |
| ९५।७८।२।२४ | दोस्रो | २००००००।० | ६१९८५१।० | २६१९८५१।० | ४२६१२६६।० | १६४१४१५।० |
| | | ४१७६०००।० | १३५३८२८।० | ५५२९८२८।० | ९२०६३४४।० | ३६७६५१८।० |

५० **भ्रमण खर्च**

सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

| | | | | |
|---|---|---|---|---|
| | | | • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५१ | | | **बिल भरपाई नभएको**<br>अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । विल भरपाई सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ । | |
| ५१.१ | | | भौ०न०११।०७७।७।२ बिल,भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेमा भ्रमण आदेश, भ्रमण बिल, निबेदन समेतका कागजात नराखि रु०५,६६,८००।०० भुक्तानी गरेकोमा सो को प्रमाण पेश गर्नुपर्ने रु० | ५६६,८०० |
| ५१.२ | | | भौ०नं०१२।०७७।७।२ बाट बिबिध खर्च वापत रु०२०,०००।०० खर्च लेखेकोमा सो को बिल संलग्न नराखेकोले बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु० | २०,००० |
| ५१.३ | | | भौ०नं०१५।०७७।७।२ बाट मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च वापत रु०१९८००।०० खर्च लेखेकोमा सो को बिल संलग्न नराखेकोले बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु० | १९,८०० |
| ५१.४ | | | भौ०नं०२०।०७७।७।३ बाट नेपाल बिधुत प्राधिकरण पाटन शाखा कार्यालयमा कार्यरत श्री पुष्प राज भट्ट लाई भ्रमण खर्च वापत रु०१५,०००।०० भुक्तानी भई खर्च लेखेकोमा रु०६५००।०० को भ्रमण आदेश, भ्रमण बिल समेतका कागजात नराखि भुक्तानी भएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु० | ६,५०० |

| | | | | |
|---|---|---|---|---|
| ५१.५ | | | भौ०नं ४८।०७७।९।३ बाट भ्रमण खर्च, संचार महशुल र ईन्धन वापत रु०५०,०००।०० खर्च लेखेकोमा भ्रमण आदेश,भ्रमण खर्च को बिल समेत संलग्न नगरेकोले प्रमाण पेश गर्नुपर्ने गर्नुपर्ने रु० | ५०,००० |
| ५१.६ | | | भौ०नं०९७।०७७।११।२४ बाट दैनिक भ्रमण भत्ता वापत रु०४,८४,९००।०० खर्च लेखेकोमा भ्रमण आदेश,भ्रमण खर्चको बिल समेतका कागजात नराखि भुक्तानी भएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु० | ४८४,९०० |
| ५१.७ | | | भौ०नं०९८।०७७।११।२५ बाट पदाधिकारीको बैठक भत्ता बापत रु०८,८०,०००।०० खर्च लेखेकोमा बैठकको माईन्युट पेश गर्नुपर्ने रु० | ८८०,००० |
| ५२ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीको लगत अनुसार निम्नानुसार रु.५४२२२२००।० निकासा दिनुपर्नेमा रु.६०१९९३७५।० निकासा दिएकोले रु.५९७७१७५.० वढी निकासा भएको देखिएको छ । एम.आई.एसंको उक्त तथ्याङ्कमा मृतु भएका घट्ने समेत भएकोले निकासा भएको रकम वढी देखीएको छ ।अत यस समवन्धमा एकिन गरी वढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिन्छ । | |

| सि न | विवरण | एम.आई.एसं अनुसार सख्या | | | दर | कुल निकासा हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | | |
| १ | जेष्ठनागरीक | ९३६ | ९५८ | ९७८ | ३००० | ३४४६४००० |
| २ | दलित जेष्ठनागरीक | १४५ | १२२ | १२७ | २००० | २४२०००० |
| ३ | एकल जेष्ठनागरीक | २०५ | १९७ | १९९ | २००० | ३६२६००० |
| ४ | विधवा जेष्ठनागरीक | ३३६ | ३१९ | ३२३ | २००० | ५९१०००० |
| ५ | पुर्ण अपाङ्ग | ४४ | ४३ | ४३ | ३००० | ११७३००० |
| ६ | अति अपाङ्ग | ६७ | ६७ | ६६ | १६०० | ९५८४०० |
| ७ | तोकिएका क्षेत्रका वा | | ० | १८४० | ४०० | २९४४००० |
| ८ | लोपोन्मुख वाल | | | | ३००० | ० |
| ९ | दलित वालविलका | ७५५ | ७७७ | ७५५ | ४०० | २७२६८०० |
| १० | लोपोन्मुख जाति | | ० | | ३००० | ० |
| | | | जम्मा | | | ५४२२२२०० |

५३

**समिति गठन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ५५ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ६३ लाख ७ हजार ६०१आम्दानी भई रु. ६० लाख १५ हजार ६२९ खर्च गरी बाँकी रु. २ लाख ९१ हजार ९७२ देखिन्छ । नियममा तोकिएबमोजिम खर्च लेखेको कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५६ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५७ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br>:<br>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ५८ | | | **पेश्की बाँकी** | १४,३८३,८०० |

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०77 को नियम 52(4) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की रु २७५३०००।० तथा म्याद नाघेको पेश्की रु१४३८३८००।० फछ्र्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छ्यौट गर्नुपर्दछ रु.

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| २०७८।२।४ | कार्यालय सम्वन्धि काम | महेन्द्र सिह धामि | | ३५००० |
| २०७८।२।४ | कार्यालय सम्वन्धि काम | महेन्द्र सिह धामि | | २५००० |
| २०७८।३।१३ | खाध्य पोषण | विर सिह ऐरी | | ९००००० |
| २०७८।३।३ | कार्यक्रम | घनश्याम वोहोरा | | ३००० |
| २०७७।१०।७ | अर्जुन मा वि निर्माण | अनमोल निर्माण सेवा | २४०३००० | |
| २०७७।१२।४ | ठूलो खोला सीचाई | नविन निर्माण सेवा | ३४०००० | |
| २०७७।९।३ | आमा सुरक्षा कार्यक्रम र कार्यक्रम | गाजरी स्वास्थ्य चौकी | | ३५०००० |
| २०७७।८।१६ | स्वास्थ्य कार्यक्रम | गाजरी स्वास्थ्य चौकी | | ७०००० |
| २०७७।९।३ | आमा सुरक्षा कार्यक्रम र कार्यक्रम | चमडेखर्क स्वा ईकाई | | ६०००० |
| २०७७।९।३ | आमा सुरक्षा कार्यक्रम र कार्यक्रम | चौखाम स्वाचौकी | | १२०००० |
| २०७७।८।१६ | स्वास्थ्य कार्यक्रम | चौखाम स्वाचौकी | | ७०००० |
| २०७७।९।३ | आमा सुरक्षा कार्यक्रम र कार्यक्रम | ढुङ्गाड स्वाचौकी | | १३०००० |
| २०७७।८।१६ | स्वास्थ्य कार्यक्रम | ढुङ्गाड स्वाचौकी | | ४५००० |
| २०७७।९।३ | आमा सुरक्षा कार्यक्रम र कार्यक्रम | थलगडा स्वा चौकी | | २००००० |
| २०७७।८।१६ | स्वास्थ्य कार्यक्रम | थलगडा स्वा चौकी | | ४५००० |
| २०७७।८।१६ | स्वास्थ्य कार्यक्रम | शिवलिङ्ग स्वास्थ्य चौकी | | १००००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७।९।३ | आमा सुरक्षा कार्यक्रम र कार्यक्रम | शिवलिङ्ग स्वास्थ्य चौकी | | २५०००० | | |
| | | | | २०७७।९।३ | आमा सुरक्षा कार्यक्रम र कार्यक्रम | सिगास स्वास्थ्य चौकी | | २४०००० | | |
| | | | | २०७७।८।१६ | स्वास्थ्य कार्यक्रम | सिगास स्वास्थ्य चौकी | | ४५००० | | |
| | | | | २०७७।१०।७ | भेलेखोला लघु जलविद्धुत | भेलेखोला लघु जलविद्धुत उ स | | २२५०००० | | |
| | | | | २०७७।१०।०७ | थलाली गाढ लघु जलविद्धुत | थलाली गाढ लघु जलविद्धुत उ स | | ३२५०००० | | |
| | | | | २०७७।१२।२६ | ससाग शिक्षा भवन | सिगास शिक्षा भवन उ स | | ३००००० | | |
| | | | | २०७७।८।१६ | विद्धालय भौतिक पुर्वाधार | लेक लुपण उ मा वि | | २२५००० | | |
| | | | | २०७७।८।१६ | विद्धालय भौतिक पुर्वाधार | शारदा मा वि ढुगाढ | | ३५०००० | | |
| | | | | २०७७।८।१८ | विद्धालय भौतिक पुर्वाधार | नवदुर्गा विद्धालय भवन | | ५००००० | | |
| | | | | २०७७।१०।७ | विद्धालय भौतिक पुर्वाधार | शिव शकर प्रा वि | | ४६०००० | | |
| | | | | २०७७।१०।९ | विद्धालय भौतिक पुर्वाधार | नौलो प्रा वि | | ४६०८०० | | |
| | | | | २०७८।२।१३ | विद्धालय भौतिक पुर्वाधार | शिव नि मा वि गढतोला | | २२५००० | | |
| | | | | २०७७।८।१८ | विद्धुत सरचना निर्माण | केन्रिय विद्धुत सरचना निर्माण उ स | | ६००००० | | |
| | | | | २०७७।८।१८ | गोरेघर निर्माण बुढाकोट | गोरेघर निर्माण बुढाकोट उ स | | १५०००० | | |
| | | | | २०७७।८।१८ | अन्य निर्माण | वडा कार्यालय भवन नि उ स | | ३००००० | | |
| | | | | २०७७।९।३ | मन्दिर निर्माण | मन्दिर निर्माण नि उ स | | १८०००० | | |

<table>
<tr>
<td></td><td></td><td></td>
<td>
<table>
<tr><td>२०७७।१०।११</td><td>सडक निर्माण</td><td>रक्सौन देउघर सडक नि उ स</td><td></td><td>६४५०००</td></tr>
<tr><td>२०७७।१०।२७</td><td>सडक निर्माण</td><td>ठूला खोला मसानी सडक उ स</td><td></td><td>१८०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२७५३०००</td><td>१४३८३८००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>५९</td><td></td><td></td>
<td>
अनुगमन तथा सम्परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>१०३४२५</td><td>०</td><td>१०३४२५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६०</td><td></td><td></td>
<td>
अध्यावधिक बेरुजु<br>
यस पालिकाको २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>१०३४२५</td><td>०</td><td>७७३४२</td><td>०</td><td>१८०७६७</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>